आठराई त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, तेह्रथुम

**विषय : करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना।**

(सूचना प्रकाशित मिति : २०७६/०९/१९)

आठराई त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७६/०९/०७ गतेको बैठकको निर्णय अनुसार यस गाउँपालिकाको विभिन्न वडा कार्यालय, तथा स्वास्थ्य चौकीहरुमा रहने गरी देहायको पदका लागि कर्मचारी करारमा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा कार्यालयको आर्थिक प्रशासन शाखा वा गाउँपालिकाको संचित कोषमा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फाराम, कार्य– विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

| सूचना नं. | पद | सेवा | समूह | तह | आवश्यक संख्या |
|---|---|---|---|---|---|
| ०२।२०७६-०७७ | अ.हे.व. | स्वास्थ्य | हे.इ. | सहायक चौथों | ५ |
| ०३।२०७६-०७७ | अ.न.मि. | स्वास्थ्य | क.न. | सहायक चौथों | ३ |
| ०४।२०७६-०७७ | नायब प्राविधिक सहायक | कृषि | कृषि प्रसार | सहायक चौथों | १ |
| ०५।२०७६-०७७ | कार्यालय सहयोगी | - | - | श्रेणी विहिन | २ |

**१. शैक्षिक योग्यता र अनुभव :**

क. नेपाली नागरिक ।

ख. शैक्षिक योग्यता

- अ.हे.व. पदका लागि आवश्यक योग्यता :
  - i) मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. वा सो सरह कोर्ष उत्तीर्ण ।
- अ.न.मि. पदका लागि आवश्यक योग्यता :
  - i) मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. वा सो सरह कोर्ष उत्तीर्ण ।
- नायब प्राविधिक सहायक, कृषि सेवाका लागि आवश्यक योग्यता :
  - i) मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण ।
- कार्यालय सहयोगीका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा दशौं कक्षा उत्तीर्ण ।

ग. अनुभवीलाई प्राथमिकता दिईने।

घ. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।(महिलाको हकमा ४० बर्ष ननाघेको ।)

ङ. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

**२. दरखास्तमा संलग्न गर्नुपर्ने:** शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपालि नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, कार्य अनुभवको प्रमाणको प्रतिलिपी, दस्तुर बुझाएको सक्कलै भौचर ।

**३. पारिश्रमिक** : सम्बन्धित पदको लागि नेपाल सरकारले निर्धारण गरे बमोजिम ।

**४. दस्तुर :**

| पद | अ.हे.व. | अ.न.मि. | नायव कृषि प्राविधिक | कार्यालय सहयोगी |
|---|---|---|---|---|
| दस्तुर रू. | ३०० | ३०० | ३०० | १०० |

**५. परीक्षण पद्धति :** प्राप्त दरखास्त मध्येबाट शैक्षिक योग्यता, कार्य अनुभव र स्थायी ठेगाना अन्तरवार्ताको अधारमा मूल्याङ्कन गरी छोटो सूची प्रकाशित गरिनेछ र छोटो सूचीमा परेका उम्मेद्वार मध्येबाट लिखित परीक्षा (कार्यालय सहयोगी बाहेक) तथा अन्तरवार्ताको माध्यमद्वारा छनौट गरिनेछ ।लिखित परीक्षा तथा अन्तरवार्ताको मिति पछि प्रकाशन गरिनेछ ।

**अन्य कुरा बुझ्नु परेमा : कार्यालय प्रमुख ९८५२६६०९६०, कर्मचारी प्रशासन शाखा प्रमुख : ९८४१७७६९१७, स्वास्थ्य संयोजक: ९८६२६०२८१४**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

नि. प्रमुख प्रशासकीय अधिकृत